नेपाल राष्ट्र बैंकबाट"ग" वर्गको इजाजत प्राप्त संस्था
**Progressive Finance Limited**
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
पाको,न्यूरोड,काठमाण्डौं ।फोन नं. ४२४६४०२,४२५४९२९
फ्याक्स नं.४२४६४०३, Email id :info@pfltd.com.np,Website: www.pfltd.com.np

# १८ औं वार्षिक साधारण सभाको निर्णय माइन्यूट (बिवरण)
## कम्पनी ऐन,२०६३ को दफा ७५(३) बमोजिम प्रकाशित

**१. बैधानिक सभा**

कम्पनी ऐन २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको अठारौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री सिद्धिगोपाल मानन्धरज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरि शु-सम्पन्न भयो ।

**२. सभाको मिति ,समय र स्थान :**

मिति : २०७२ साल असाढ ३१ गते बिहीबार (तदनुसार जुलाई १६, २०१५)

समय : दिउंसो ३.०० बजे

स्थान : कुमारी पार्टी प्यालेस, गाबाहाल, ललितपुर ।

**३. सभाको सूचना प्रकाशन :**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रावधान अनुरुप यस संस्थाको आर्थिक वर्ष २०७०/०७१ को मूद्रित वार्षिक प्रतिवेदन सहित अठारौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई पठाउनुका साथै कम्पनीको वेइभसाईटमा समेत राखियो तथा सो को सूचना मिति २०७०/०३/०८ मा आर्थिक अभियान दैनिक र मिति २०७२/०३/२३ मा कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

**४.शेयरधनीको उपस्थितिः**

| विवरण | कुल संख्या | स्वयम् उपस्थित (क) र (ख) | प्रतिनिधी मार्फत (क) र (ख) | जम्मा (क+ख) | जम्मा विक्री भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | १,४४२ | १०० जना | ३३ जना | १३३ जना | ५६.१४% |
| शेयर संख्या | १२,००,००० | १,६१,५८० | ५,१२,०४० | ६,७३,६२० | |

**५. छलफलका विषय सूची :**

**क) सामान्य प्रस्ताव तथा निर्णयहरु**

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको बासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७०/७१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७१/७२ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।( वर्तमान लेखापरिक्षक टि.पी.अधिकारी एण्ड एशोशियट्स तिन वर्षे कार्यकाल सकिएकाले आ.व.०७१/७२ को लेखापरिक्षण गर्न कानुनन नमिल्ने व्यहोरा अनुरोध छ ।)

४. संस्थापक समुह "क" तर्फका ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

५. विविध ।

क) संचालक समितिबाट बाँकी कार्यकालका लागि नियुक्त सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने २ (दुई) जना संचालकहरुको अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्तावहरु तथा निर्णयहरु :**

१. अध्यक्ष,संचालक तथा कार्यकारी प्रमुखको नियुक्ति तथा कार्यकाल सम्बन्धमा नियमावली संशोधन गर्ने ।

२. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

३. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने,"बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली,२०७० "बमोजिम एक्विजिसन गर्ने गराउने,सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने,मान्यता प्राप्त परामर्शदाता,मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने,निजहरुको पारिश्रमिक निर्धारण गर्ने,गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसंग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**६.सुझाव तथा मन्तब्य :** प्रोग्रशिभ फाइनान्स लि.को अठारौं वार्षिक साधारण सभामा शेयरधनीको तर्फबाट श्री ब्रम्हदेव शाक्य,श्री अमृतनाथ रेग्मी,श्री डम्बर बल्लभ घिमिरे,श्री रोजकुमार श्रेष्ठ,श्री नवराज जोशी,श्री राम गोपाल महर्जन,श्री नरसिङ लाल चखु,श्री नारायण सुन्दर श्रेष्ठ,श्री उद्धव घिमिरे संस्थाको समग्र गतिविधिलाई समेटने गरी सुझाव सहित मन्तव्य व्यक्त गर्नुभयो ।

**७.अन्तमा** : उक्त साधारण सभाका सभापतित्व गर्नुभएका संस्थाका अध्यक्ष श्री सिद्धिगोपाल मानन्धरले उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा उपस्थित शेयरधनी महानुभावहरु लगायत सम्पूर्णलाई बधाई ज्ञापन गर्दै सभा विसर्जन गर्नु भयो ।